**आकाशवाणी समाचार- नेपाली**

मितिः २५ जनवरी २०२६

समयः ०७.२५ - ०७: ३५ बजे (*अवधिः १० मिनट*)

**प्रमुख समाचार**

1. राष्ट्रपति द्रौपदी मुर्मुले आज गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नु हुनेछ।
2. प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजी आकाशवाणीको "मन की बात" कार्यक्रममा भारत र विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नुहुनेछ।
3. मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले शुद्ध मतदाता सूची लोकतन्त्रको जग भएको बताउनु भएको छ।
4. पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन संशोधन एसआईआर सम्बन्धी प्रशासनिक उपायहरू कडा पारिएको छ।
5. भारत र न्युजिल्याण्डबीचको पाँच म्याचको टी-ट्वेंटी क्रिकेट शृङ्खलाको तेस्रो म्याच आज गुवाहाटीमा खेलिनेछ।

**राष्ट्रपतिको सम्बोधन**

राष्ट्रपति द्रौपदी मुर्मुले आज गणतन्त्र दिवसको पूर्वसन्ध्यामा राष्ट्रलाई सम्बोधन गर्नु हुनेछ। राष्ट्रपतिको सम्बोधन आकाशवाणीका सबै राष्ट्रिय च्यानलहरूमा साँझ ७ बजीदेखि र सबै दूरदर्शन च्यानलहरूमा हिन्दीमा प्रसारण हुनेछ। त्यसपछि अंग्रेजी संस्करण पनि प्रसारण गरिनेछ। दूरदर्शनमा हिन्दी र अंग्रेजीमा सम्बोधन प्रसारण भएपछि दूरदर्शनका क्षेत्रीय च्यानलहरूले पनि यसलाई क्षेत्रीय भाषाहरूमा प्रसारण गर्नेछन्। आकाशवाणीले राति ९:३० बजीदेखि आफ्ना क्षेत्रीय च्यानलहरूमा राष्ट्रपतिको सम्बोधन क्षेत्रीय भाषाहरूमा प्रसारण गर्नेछ।

**प्रधानमन्त्री-मन की बात**

प्रधानमन्त्री नरेन्द्र मोदीले आज बिहान ११ बजी आकाशवाणीको "मन की बात" कार्यक्रममा भारत र विदेशका मानिसहरूसँग आफ्ना विचारहरू साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको १३० औं संस्करण हुनेछ। यो कार्यक्रम सम्पूर्ण आकाशवाणी र दूरदर्शन नेटवर्क, एआईआर समाचार वेबसाइट र न्यूजअनएयर मोबाइल एपमा प्रसारण गरिनेछ। यो एआईआर समाचार, डीडी समाचार, प्रधानमन्त्री कार्यालय र सूचना तथा प्रसारण मन्त्रालयको युट्युब च्यानलहरूमा पनि प्रत्यक्ष प्रसारण गरिनेछ। हिन्दी प्रसारणपछि आकाशवाणीले क्षेत्रीय भाषाहरूमा पनि कार्यक्रम प्रसारण गर्नेछ।

**अमित शाह-नान्देड**

केन्द्रीय गृहमन्त्री अमित शाह आज नान्देडमा श्री गुरु तेगबहादुर साहिब जीको ३५० औं शहीद स्मृति समारोहमा सहभागी हुनु हुनेछ। हिजोदेखि सुरु भएको ‘हिन्द दी चादर’ शीर्षकको दुई दिने ऐतिहासिक कार्यक्रम नान्देडको मोदी मैदानमा आयोजना हुँदैछ। श्री गुरु तेगबहादुर साहिब जीको ३५० औं शहीद समागम वर्षको एक भागको रूपमा यो भव्य कार्यक्रम आयोजना गरिएको हो।

**पंचायती राज - विशेष अतिथिहरू**

पञ्चायती राज मन्त्रालयले आज नयाँ दिल्लीमा निर्वाचित पञ्चायत प्रतिनिधिहरूलाई सम्मान गर्नेछ। यी प्रतिनिधिहरूलाई गणतन्त्र दिवसको परेड हेर्न विशेष अतिथिको रूपमा आमन्त्रित गरिएको छ। सम्मानित हुनेहरूमा लगभग २४० सरपंच, मुखिया, ग्राम प्रधान, ब्लक र जिल्ला पञ्चायत अध्यक्षहरू समावेश छन्। उहाँहरू केन्द्र सरकारका प्रमुख योजनाहरू अन्तर्गत पूर्ण परिणाम हासिल गरेका पञ्चायतहरूसँग सम्बन्धित छन्।
युनिसेफसँगको सहकार्यमा मन्त्रालयले विकास गरेको **पंचायत सहायता एवं संदेश सेवा - पंचम चैटबॉट** पनि यस अवसरमा सुरु गरिनेछ। पञ्चम एक डिजिटल प्लेटफर्म हो जसले पञ्चायत प्रतिनिधिहरू, अधिकारीहरू र नागरिकहरूबीच प्रत्यक्ष, समयमै र दुईतर्फी सञ्चारलाई सहज बनाउँछ। यसले योजनाहरू, प्रशिक्षण सामग्रीहरू, सर्वेक्षणहरू र पञ्चायत सेवाहरूमा जानकारीमा सजिलो पहुँच प्रदान गर्नेछ जसले तल्लो तहमा पारदर्शी र प्रभावकारी सेवा वितरणलाई प्रवर्द्धन गर्नेछ।

**निर्वाचन आयोग - मतदाता दिवस**

निर्वाचन आयोगले आज नयाँ दिल्लीमा १६ औं राष्ट्रिय मतदाता दिवस मनाउनेछ। राष्ट्रपति द्रौपदी मुर्मुले प्रमुख अतिथिको रूपमा कार्यक्रमको अध्यक्षता गर्नु हुनेछ। यस वर्ष राष्ट्रिय मतदाता दिवसको विषयवस्तु **मेरा भारत, मेरा वोट** रहेको छ, जसको नारा **'भारतीय लोकतंत्र के केंद्र में नागरिक'** रहेको छ। कार्यक्रमको क्रममा, राष्ट्रपतिले नयाँ दर्ता भएका युवा मतदाताहरूलाई मतदाता परिचयपत्र वितरण गर्नु हुनेछ। उहाँले तकनीकको प्रभावकारी प्रयोग, निर्वाचन व्यवस्थापन र मतदाता जागरूकतासहित विभिन्न वर्गहरूमा उत्कृष्ट निर्वाचन अभ्यासहरूका लागि पुरस्कारहरू पनि प्रदान गर्नु हुनेछ। कार्यक्रममा मिडियाका लागि विशेष पुरस्कारहरू पनि प्रदान गरिनेछ। केन्द्रीय कानून तथा न्याय राज्यमन्त्री अर्जुन राम मेघवाल पनि उपस्थित रहनु हुनेछ। प्रमुख निर्वाचन आयुक्त ज्ञानेश कुमारले कार्यक्रमको नेतृत्व गर्नु हुनेछ जसको साथमा निर्वाचन आयुक्त डा. सुखबीर सिंह सन्धु र डा. विवेक जोशी पनि हुनेछन्।

**निर्वाचन आयोग - राष्ट्रिय मतदाता दिवस**

मुख्य निर्वाचन आयुक्त ज्ञानेश कुमारले शुद्ध मतदाता सूची लोकतन्त्रको जग भएको बताउनु भएको छ। यो प्राप्त गर्न मतदाता नामावलीको विशेष गहन संशोधन एसआईआर सुरु गरिएको छ। एसआईआरको उद्देश्य प्रत्येक योग्य मतदाताको नाम मतदाता सूचीमा थप्नु र प्रत्येक अयोग्यलाई हटाइएको सुनिश्चित गर्नु हो। श्री कुमारले भन्नु भयो, एसआईआर बिहारमा सफलतापूर्वक सम्पन्न भएको छ र हाल १२ राज्य र केन्द्र शासित प्रदेशहरूमा चलिरहेको छ। उहाँले भन्नु भयो, एस आई आर चाँडै अन्य राज्यहरूमा पनि लागू गरिनेछ। प्रमुख निर्वाचन आयुक्तले भन्नु भयो, बिहारमा अन्तिम मतदाता सूचीको बारेमा एक पनि अपील दायर गरिएको छैन। यसले एस आई आरको शुद्धता र विश्वसनीयता प्रमाणित गर्दछ।

**बाइट**

डिजिटल युगको महत्त्वलाई जोड दिनु हुँदै श्री कुमारले भन्नु भयो, आयोगले **ई.सी.आई. नेट ऐप**मार्फत नागरिकहरूलाई मतदाता सेवाहरूको लागि एकल प्लेटफर्म उपलब्ध गराइएको छ। उहाँले भन्नु भयो, यो पहलले आयोगको तकनीकी प्रतिबद्धता र प्रशासनिक क्षमता प्रदर्शित गर्दछ। प्रमुख निर्वाचन आयुक्तले हालै सम्पन्न लोकतन्त्र र निर्वाचन व्यवस्थापन सम्बन्धी भारत अन्तर्राष्ट्रिय सम्मेलनमा ७० भन्दा बढी देशका निर्वाचन प्रबन्धन निकायका प्रमुख र वरिष्ठ अधिकारीहरू उपस्थित भएको कुरा पनि उल्लेख गर्नु भयो। उहाँले यो पहलले भारतको विश्वव्यापी प्रतिबद्धतालाई मात्र प्रतिबिम्बित गर्दैन तर अन्तर्राष्ट्रिय मञ्चमा बलियो नेतृत्व पनि स्थापित गर्ने बताउनु भएको छ।

**बाइट**

**पश्चिम बंगाल - एसआईआर**

पश्चिम बंगालमा मतदाता नामावलीको विशेष गहन संशोधन एसआईआर सम्बन्धी प्रशासनिक उपायहरू कडा पारिएको छ। कोलकातास्थित मुख्य निर्वाचन अधिकारीको कार्यालयले सबै जिल्ला निर्वाचन अधिकारीहरूलाई सुनुवाइको क्रममा प्रस्तुत गरिएका सबै एसआईआर सम्बन्धित रिपोर्टहरू र कागजातहरू निर्वाचन आयोगको ई.सी.आई. नेट पोर्टलमा सोही दिन अपलोड गर्न निर्देशन दिएको छ। यी निर्देशनहरूले स्पष्ट पार्छन् कि कुनै पनि लापरवाहीलाई कडाइका साथ व्यवहार गरिनेछ।

मुख्य निर्वाचन अधिकारीको कार्यालयले जारी गरेको पत्र अनुसार, गलत प्रविष्टिहरू र विसंगतिहरूसँग सम्बन्धित धेरैजसो मुद्दाहरूको सुनुवाइ पहिले नै सम्पन्न भइसकेको छ। यद्यपि, यी सुनुवाइहरूको समाधानसँग सम्बन्धित जानकारी र कागजातहरू पोर्टलमा अपलोड गरिएका छैनन्। यसलाई ध्यानमा राख्दै सबै निर्वाचन दर्ता अधिकारीहरू र सहायक निर्वाचन दर्ता अधिकारीहरूलाई ढिलाइ नगरी नवीनतम जानकारी अपलोड गर्न स्पष्ट निर्देशन दिइएको छ।

**भारत-ईयू**

युरोपेली आयोगका अध्यक्ष उर्सुला भोन डेर लेयन र विदेश मामिला तथा सुरक्षा नीतिका लागि युरोपेली संघका उपाध्यक्ष तथा उच्च प्रतिनिधि काया कल्लास आधिकारिक भ्रमणमा नयाँ दिल्ली आइपुग्नु भएको छ । विदेश मन्त्रालयले यस भ्रमणको क्रममा भारत र युरोपेली संघबीचको रणनीतिक साझेदारीको अर्को चरणको बारेमा छलफल हुने बताएको छ।

**क्रिकेट-टी-ट्वेंटी**

भारत र न्युजिल्याण्डबीचको पाँच म्याचको टी-ट्वेंटी क्रिकेट शृङ्खलाको तेस्रो म्याच आज गुवाहाटीमा खेलिनेछ। म्याच साँझ ७ बजी सुरु हुनेछ। शृङ्खलामा २-० को अग्रता लिएको भारत यो म्याच जितेर शृङ्खला आफ्नो पक्षमा पार्ने लक्ष्यमा हुनेछ।